# बागमती प्रदेशमा आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको शुभारम्भ

बागमती प्रदेश प्रमुख माननीय यादवचन्द्र शर्माज्यूले २०७९ असार १९ गते हेटौंडामा आयोजित एक कार्यक्रमका बिच बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको डिजिटल विधिबाट शुभारम्भ भएको घोषणा गर्नु भयो। प्रदेश नीति तथा योजना आयोगद्वारा आयोजित उक्त कार्यक्रममा प्रदेश सरकारमा स्वास्थ्य मन्त्री माननीय निमा लामा, कृषि तथा पशुपक्षी विकास मन्त्री माननीय बसुन्धरा हुमागाई, राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयाल, प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रह्लाद लामिछाने र राजु नेपालको सहभागिता रहेको थियो। यसै गरी प्रदेश सरकारका प्रमुख सचिव मुकुन्द प्रसाद निरौला, सचिवहरू, राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक, प्रदेश सरकार तथा प्रदेश नीति तथा योजना आयोगका कर्मचारीहरूको सहभागिता रहेको थियो। प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्ण राज पन्तज्यूको अध्यक्षतामा भएको उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगका विषय विज्ञले आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीका सम्बन्धमा सहभागीहरूलाई प्रस्ट पार्नुभएको थियो। राष्ट्रिय योजना आयोगले विकास गरी सञ्चालनमा ल्याएको राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई बागमती प्रदेशको आवश्यकता अनुसार सामान्य परिमार्जन गरी बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याएको छ।